यस भित्र



नयाँ दिनको पर्खाइमा कार्तिके गाउँवासीहरू: पृष्ठ ३


सरसफाइ प्रवर्द्धनका लागि नेवा र स्थानीय सरकारको पहल : पृष्ठ ५


पानीसँगै गाउँमा आएको खुशी : पृष्ठ ११


तिर्खाएको कालीगण्डकी पानीको पर्खाईमा : पृष्ठ १३


स्वास्थ्य प्रवर्द्धनका गतिविधिहरूको चित्रात्मक प्रस्तुतीहरु : पृष्ठ १४


# पानी र सरसफाइ


नेपाल स्वास्थ्यका लागि पानी (नेवा) को अर्धवार्षिक बुलेटिन

NEWAH Nepal Water for Health

वर्ष २२ | अंक २ | श्रावण २०८१


## समाज कल्याण परिषद्द्वारा आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कन

समाज कल्याण परिषद्ले च्यारिटी वाटरको सहयोगमा नेपाल स्वास्थ्यको लागि पानी (नेवा) द्वारा संचालित खानेपानी तथा सरसफाइ आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कन गरेको छ । यस क्रममा अनुगमन टोलीले २०७९ चैत २ गते देखि ४ गते सम्म आ.व. २०७९/०८० मा बागलुङ जिल्लामा सम्पन्न आयोजनाहरूको स्थलगत अनुगमन भ्रमण गरी आयोजनाका विभिन्न आयामहरूको अनुगमन गरेको थियो ।

अनुगमनका क्रममा टोलीले बागलुङ जिल्लाको बागलुङ नगरपालिका वडा नम्बर ६ मा निर्माण भएको लमगाउँ लिफ्ट खानेपानी तथा सरसफाइ आयोजना र ताराखोला गाउँपालिका - १ मा निर्मित भुस्काट खानेपानी तथा सरसफाइ आयोजनाको अनुगमन गरेको थियो। यस क्रममा टोलीले आयोजनामा निर्मित ट्याङ्की, धारा लगायतका संरचनाहरूको निरीक्षण गर्नुका साथै उपभोक्ता समितिहरूका पदाधिकारी एवं सदस्यहरूसँग छलफल गरेको थियो । छलफलका क्रममा टोलीले उपभोक्ताहरूले आयोजना निर्माण चरणमा र खासगरी जनश्रमदान जुटाउने क्रममा सामना गर्नु परेका समस्या तथा चुनौतीहरू, प्रणाली मर्मत सम्भारको योजना, मर्मत सम्भार कोष तथा सरसफाइको अवस्था, आयोजनाको दिगोपनका लागि चालिएका कदमहरू, आयोजना सम्पन्न भएपछि स्थानीय बासिन्दाहरूको जीवनमा आएको परिवर्तन आदि विषयमा जानकारी लिएको थियो ।



अनुगमन टोलीका सदस्यहरू आयोजनाको विवरणको अवलोकन गर्दै



बागलुङ नगरपालिकाका प्रमुखसँग छलफल गर्दै अनुगमन टोलीका सदस्यहरू

अनुगमन टोलीले बागलुङ नगरपालिकाका प्रमुख वसन्त कुमार श्रेष्ठसँग नगरपालिकाले खानेपानी आयोजनामा लगानी गर्ने सहलगानी, रकम फर्छ्यौट प्रक्रिया, जनश्रमदान तथा निर्माण भएका आयोजनाहरूको दिगोपनाका बारेमा छलफल गरेको थियो। नगर प्रमुख श्रेष्ठले नेवाद्वारा सञ्चालन गरिने आयोजना राम्रो, दिगो र छोटो समयमा सम्पन्न हुने हुनाले अन्य आयोजना भन्दा समुदायको रोजाइमा पर्ने गरेको बताउनु भयो। साथै आगामी वर्षहरूमा पनि नेवासँग साझेदारी गरी खानेपानी योजना सञ्चालन गर्ने योजना रहेको बताउनु भयो ।

अनुगमनका क्रममा अनुगमन टोलीले नेवाको प्रधान कार्यालयका उच्च व्यवस्थापन समूह र नेवाको कार्यसमितिसँग समेत छलफल गरेको थियो । टोलीमा समाज कल्याण परिषद्का कार्यक्रम विज्ञ रामसिंह धामी, आर्थिक विज्ञ अनिल बस्नेत र कानुन विज्ञ मीना तामाङ रहनुभएको थियो भने नेवा प्रधान कार्यलयबाट वरिष्ठ प्रबन्धक कुमार प्रसाद सिलवाल, नेवा बागलुङका प्रमुख रमेश दाहाल र पिएमआर अधिकृत विनोद कोइराला लगायतको सहभागिता रहेको थियो ।

डा. महेश्वर प्रसाद यादव/विनोद कोइराला

## सम्पादन मण्डल

डा. महेश्वर प्रसाद यादव, संयोजक
(पिएमआर प्रबन्धक)

अरुण कुमार श्रेष्ठ, सदस्य
(वास प्रबन्धक)

रोजिना मानन्धर, सदस्य सचिव
(फण्डरेजिङ संयोजक)

भरत प्रसाद भट्ट, सदस्य
(नेवा प्रदेश कार्यालय, सिन्धुली)

रमेश दाहाल, सदस्य
(नेवा प्रदेश कार्यालय, बागलुङ)

भरत अधिकारी, सदस्य
(विज्ञ सम्पादक)

## सल्लाहकार

ई. रेशम जंग सिंह
(निर्देशक, नेवा)

कुमार प्रसाद सिलवाल
(वरिष्ठ प्रबन्धक - फिल्ड अप्रेसन)

दिनेश उप्रेती
(प्रशासन तथा मानव संसाधन प्रबन्धक)

सजल श्रेष्ठ
(वित्त प्रबन्धक)

**नेपाल स्वास्थ्यको लागि पानी (नेवा)**
लोहसाल, काठमाडौं, नेपाल
पोष्ट बक्स नं. : ४२३१
फोन नं. : ०१-४०१५७०७, ४०१५६०८
टोल फ्री नं. : १६६० ०१ २३४५०
इमेल : newah@newah.org.np
वेबसाइट : www.newah.org.np

## सम्पादकीय

# खासस्व दिगो प्रवर्द्धनको ३२ वर्षमा आइपुग्दा

नेपालका ग्रामीण क्षेत्रहरूमा खानेपानी, सरसफाइ र स्वच्छताको दिगो प्रवर्धन गर्दै आइरहेको नेपाल स्वास्थ्यको लागि पानी (नेवा) ले आफ्नो ३२ औं वार्षिकोत्सवसम्म आइपुग्दा २ हजार ७ सय २७ वटा खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) आयोजनाहरू सफलतापूर्वक सम्पन्न गरेको छ । ५२ जिल्लाका विभिनन समुदायमा निर्मित उक्त आयोजनाहरू अन्तर्गत करिव ५१ हजार ५ सय धाराहरू निर्माण भएका छन्, जसबाट २२ लाख २० हजार भन्दा बढी उपभोक्ताहरूले खानेपानी र सरसफाइको सुविधा पाएका छन् । खानेपानी र सरसफाइलाई ग्रामीण विकासको प्रवेश विन्दुका रूपमा लिएको यस संस्थाले आफ्नो ध्यान पूर्वाधार निर्माणमा मात्र सीमित नराखी लैङ्गिक समानता र सामाजिक समावेशीकरण, पालिकाकै समग्र भूभाग समेट्ने दृष्टिकोण (Total Coverage Approach), जलवायु परिवर्तन उत्थानशीलता र जीविकोपार्जन वृद्धि जस्ता दिगो र समावेशी विकासका अनेकौं आयामहरूलाई पनि आफ्नो कार्यशैलीको अभिन्न अङ्गका रूपमा लिएको छ ।

नेवाको उल्लेखनीय उपलब्धि भनेको नेवाको आर्थिक तथा प्राविधिक सहयोगमा समुदायमा निर्मित आयोजनाहरूको चल्दोपन हो, जुन ७९ प्रतिशत छ, कतिपय विकास प्रयासहरूले 'हिँड्दैछ, पाइला मेट्दैछ' को नियति भोगिरहेको परिप्रेक्ष्यमा र राष्ट्रिय रूपमा खानेपानी आयोजनाहरूको चल्दोपन २८ प्रतिशत मात्र रहेको सन्दर्भमा यो दर अत्यन्त उत्साहप्रद देखिन्छ, जसले लगानी, श्रम र मेहेनतको सदुपयोगिता पुष्टि गर्दछ ।

नेवाले स्थापनाकाल देखि नै ग्रामीण क्षेत्रका बासिन्दाहरूलाई खानेपानी, सरसफाइ र स्वच्छताका सुविधाहरू सुनिश्चित गर्ने ध्येयलाई पूरा गर्न सरोकारवालाहरूको क्षमता निर्माण र अभिवृद्धिलाई उच्च महत्व दिंदै आएको छ भने स्थानीय सरकारहरू, दातृ निकाय, खासस्व क्षेत्रका अन्य सरोकारवालाहरूसँगको सम्बन्धलाई जोड दिंदै आएको छ । यो दृष्टिकोण आयोजनाहरूको दीर्घकालीन दिगोपन र खासस्व मापदण्डहरूको समग्र सुधारका लागि महत्वपूर्ण छ । उपभोक्ता र स्थानीय सरकारहरूसँगको सहकार्यले लागत साझेदारीमा वृद्धि हुने र यसले आयोजनाप्रतिको अपनत्व बोध हुने तथ्यप्रति नेवा सदैव सचेत छ ।

नेवाले खासस्व सुविधाको प्रवर्द्धन मार्फत समुदायमा पुऱ्याएको प्रत्यक्ष योगदान बाहेक यसले समुदायको प्रत्यक्ष रोजगारी सृजनामा पनि टेवा पुऱ्याएको छ । करिव एक सय जनालाई नियमित र दुई सय जना भन्दा बढीलाई आंशिक रोजगारी प्रदान गर्दै आएको यस संस्थाको पहलले स्थानीय अर्थतन्त्रमा टेवा पुऱ्याउने मात्र नभई नेवाले लिएका पहलहरूलाई सफल बनाउन समर्पित जनशक्ति उत्पादनमा समेत टेवा पुऱ्याएको छ ।

स्थापना कालदेखि नै सफलतापूर्वक, अविश्रान्त र उत्साहप्रद गतिले अघि बढेको नेवाले ३२ औं स्थापना दिवस मनाउँदै गर्दा यसका उपलब्धिहरूले नेपालको खासस्व क्षेत्रमा उल्लेखनीय उदाहरणहरू पेश गरेका छन् । यी उपलब्धिहरूको रक्षा गर्दै आगामी दिनमा समयानुकुल तवरले अघि बढ्न नेवा प्रतिबद्ध छ ।

# नयाँ दिनको पर्खाइमा कार्तिके गाउँका बासिन्दाहरू

प्युठान जिल्लाको ऐरावती गाउँपालिका वडा नं. २. कार्तिके गाउँका बासिन्दाहरू एक गाग्री पानी लिनका लागि आधा देखि एक घण्टा बिताउन बाध्य छन् भन्ने कुरा जोकोहीलाई विश्वास नलाग्न पनि सक्छ । तर वि.सं. २०५५ सालमा नेपाल सरकारले यस ठाउँमा निर्माण गरिदिएको खानेपानी आयोजनाको मुहान माथि सडक बनाएपछि मुहान पुरिएर त्यहाँको पानी सुकेर उक्त आयोजना बनिएको केही वर्षपछि नै भताभुङ्ग भयो । केही समयसम्म घर नजिकै पानीको सुविधा पाएका यहाँका बासिन्दाका लागि ती दिन छोटो मीठो सपना जस्तै भए । त्यसपछि विगत १५ वर्षदेखि उनीहरू पानी खान पहिले जस्तै खोला र खोल्सी धाउन बाध्य छन् । यस ठाउँमा जम्मा २७ घर परिवारको बसोबास भएकाले खानेपानीका लागि सरकारको नजर पुग्न नसकेको बताउनु हुन्छ स्थानीय नाम बहादुर बराल । थोरै जनसंख्यालाई धेरै लगानी गर्नु पर्ने भएकाले यहाँ खानेपानी आयोजना सञ्चालन हुन नसकेको कुरामा सहमत हुनुहुन्छ वडाध्यक्ष भीमसेन घर्ती मगर ।

खानेपानीको अभावको असर यहाँ सबैभन्दा बढी बालबालिकाहरूलाई परेको देखिन्छ । उनीहरूको बिहान बेलुका पढाईमा होइन, खानेपानी भर्नमै बित्ने गर्दछ । यहाँका अरु बालबालिकाको जस्तै बिहान भालेको




*खोल्सीबाट पानी भर्दै सुष्मा गुरुङ*

डाकसँगै गाग्री र डोको बोकेर पानी लिन जानु सुष्मा गुरुङको पनि दिनचर्या बनेको छ । उहाँ बिहान ५ बजे उठेर गाउँदेखि तल रहेको तुसारे खोलाबाट तीन पटक पानी ओसार्नु हुन्छ । यति गर्दा नगर्दा विद्यालय जाने तरखर गर्नै पर्दछ । हाल ९ कक्षा पढ्दै गरेकी सुष्मा विद्यालय टाढा भएको र पानी भर्ने कामको व्यस्तताले गर्दा पढाईमा राम्ररी समय दिन नपाएको गुनासो गर्नु हुन्छ ।

सुक्खा मौसममा पानीको हाहाकार हुने नै भयो । तर बर्खा याम लागेपछि पनि यहाँका बासिन्दालाई सुख छैन । बर्खामा तुसारे खोलामा धमिलो पानी हुने र बाटो अपठ्यारो हुने भएकोले पानी लिन त्यहाँभन्दा टाढाको पर्धैरा खोला र छेस्के खोलासम्म जानु पर्ने बाध्यता हुन्छ । स्थानीय उमादेवी बराल भन्नुहुन्छ "पोहोरसम्म सुक्खा मौसममा पनि सिँचाइ कुलोबाट आएको पानी चर्पी तथा अन्य कामको लागि प्रयोग गर्न पाइएको थियो, खानेपानीका लागि मात्रै तुसारे खोला धाउनु पर्थ्यो । तर यसपाली खडेरीले गर्दा कुलोमा पानी नै आएन र धेरै गाह्रो भयो ।"

### धारामा पानी भर्ने सपना

नेवाले आर्थिक वर्ष २०८२/०८३ मा खानेपानी तथा सरसफाइ आयोजना सञ्चालनका लागि प्युठान जिल्लामा छनोट भएका पालिकामध्ये ऐरावती गाउँपालिका पनि रहेको छ । यसै सन्दर्भमा नेवाले यस पालिकामा विभिन्न आयोजनाहरूको सम्भाव्यता अध्ययन र विस्तृत सर्वेक्षण सम्पन्न गरेको छ, जसमध्ये कार्तिके खानेपानी तथा सरसफाइ आयोजना पनि एक हो । यसबाट स्थानीय बासिन्दाहरूमा नयाँ आशाको सञ्चार भएको छ । प्रस्तावित कार्तिके खानेपानी तथा सरसफाइ आयोजनाकी अध्यक्ष मनकली गुरुङ प्राविधिकहरूले आयोजनाको सर्वेक्षण थालेको दिनदेखि नै अब आफ्नै घर आँगनको धारामा पानी आएको सपना देखेको र त्यो सपना छिटै पूरा हुने आशा समेत गरेको बताउनु हुन्छ ।

*✍ राम बहादुर बुढा*

## कविता

### पानीको महत्व

*अमृत हो पानी यसले प्राण बचाई राख्छ*
*मस्तिष्क र मुटु जोगाई रोग सबै भाग्छ*
*एक दिनमा दुई -तीन लिटर पानी पिउनु पर्छ*
*पानी पिउँदा मौसमलाई ध्यान दिनु पर्छ*
*हेर्दा राम्रो पानी पनि दूषित हुन सक्छ*
*सानै लापरवाहीले ज्यानै जान सक्छ*
*टाइफाइड, आउँ, जन्डिस, जुका पानीबाटै हुन्छ*
*सावधान भई प्रयोग गरे सधैँ ढुक्क हुन्छ*
*उमालेर पानी खाँदा जीवाणु भई नष्ट*
*उपचारमा खर्च गर्ने पर्दैन है कष्ट*
*भाँडा सफा राखी सधैं छोप्ने गरे पानी*
*सन्ततिले पनि सिक्छन् यस्तो राम्रो बानी*
*उमाल्ने र फिल्टर गर्ने दुवै विधि जाती*
*क्लोरिनेसन र सोडिस पनि हुन्छन् त्यही माथि*

*✍ धनवीर सावत*

# विद्यालय चर्पीले ल्यायो शैक्षिक वातावरणमा सुधार

"मेरो चर्पीमा सधैँ आउने हो भने अबदेखि पैसा तिर्नु पर्छ, नत्र चर्पीमै थुनिदिन्छु।" विद्यालयमा चर्पी नभएकाले छिमेकीको चर्पी प्रयोग गर्न जाँदा कल्पनाले धेरै पटक यस्तो दुर्वचन सुन्नु पर्थ्यो। शौचका लागि खुला ठाउँमा जाने कुरै भएन, त्यसमाथि उहाँ त अरुका लागि उदाहरण बन्ने शिक्षक पेशामा आबद्ध महिला। "त्यो बेलाको त के कुरा गर्नु र, अझ महिनावारी भएको समयमा त चर्पीकै अभावले गर्दा तीन चार दिन विद्यालय छाड्न बाध्य हुनुपर्थ्यो" कल्पना भन्नुहुन्छ।

धेरै टाढा पनि होइन, संघीय राजधानी काठमाडौंको छिमेकी काभ्रेपलाञ्चोक जिल्लाकी एकजना शिक्षिकाको यो भोगाईले हामी सरसफाइ र समग्र शैक्षिक वातावरणमा अझै कति पछाडि रहेका छौं भन्ने स्पष्ट पार्दछ। यस जिल्लाको डाँडाँपारी क्षेत्रको खानीखोला गाउँपालिका वडा न. २, सार्कीडाँडामा रहेको श्री सेतीदेवी आधारभूत विद्यालयमा विगत १४ वर्षदेखि शिक्षिकाका रूपमा कार्यरत कल्पना श्रेष्ठ र उहाँका सहकर्मीले व्यहोरेको यो दुःखले खुला दिसामुक्त अभियानमै प्रश्नचिन्ह समेत लगाइदिएको छ।

विद्यालय भनेको कक्षा कोठा र डेस्क बेञ्च मात्र होइन, विद्यार्थी र शिक्षकका लागि पर्याप्त शौचालय, खानेपानीको सुविधा, सरसफाइयुक्त वातावरणले मात्र विद्यालयमा पठनपाठनको राम्रो माहौल तयार हुन्छ। तर आजसम्म पनि नेपालका धेरै सामुदायिक विद्यालयहरूमा खानेपानी र सरसफाइको चरम अभाव रहेको पाइन्छ। केही समय अघिसम्म सेतीदेवी आधारभूत विद्यालयको वारिपरि ज्यादै फोहोर थियो। त्यसले समग्र गाउँकै सरसफाइको अवस्थामा असर परेको थियो। खानेपानीका लागि विद्यालयसम्म अस्थायी पाइप ल्याएको भए पनि पानी भने आउँदैनथ्यो। विद्यालयदेखि माथि रहेका घरहरूले प्रयोग गर्दा विद्यालयको पालो कहिल्यै आउँदैनथ्यो। छिमेकमा रहेका घरहरू पनि विद्यार्थी र शिक्षकहरूले कहिले पानी माग्ने, कहिले शौचालय प्रयोगको अनुमति माग्ने गरेकाले आजीत भएका थिए।




*विद्यालयमा धारा निर्माण भएपछिको सन्तुष्टि*




*विद्यालय चर्पीको सेप्टिक ट्याङ्कीको स्ल्याब निर्माण गरिँदै*

वि.स.२०७७ सालमा एउटा संस्थाले विद्यालयमा चर्पीको लागि सहयोग गरे तापनि काम सम्पन्न हुन सकेन। उक्त संस्था सेप्टीक ट्यांकीको स्ल्याब नै नराखी काम अधुरो छोडेर हिँड्यो। अधुरो रहेको कामलाई पालिकाले पनि पूरा गर्न कुनै चासो देखाएन। यसको परिणाम भने विद्यार्थी र शिक्षकहरूले भोग्नु पर्‍यो। विद्यालयमा चर्पीको सुविधा नभएपछि विद्यालय र वरपरको वातावरण दूषित हुँदै गयो।

## पुनःनिर्माणको पहल शुरु र विवाद निरूपण

आ.व. २०८०/०८१ मा नेवा प्रदेश कार्यालय सिन्धुलीको सहयोग र खानीखोला गाउँपालिकाको साझेदारीमा सार्कीडाँडा खानेपानी तथा सरसफाइ आयोजना संचालन भएपछि शिक्षकहरूमा विद्यालय चर्पीको अवस्थामा सुधार आउने आशा पलायो। नेवाले २०८० माघ महिनामा स्ल्याब निर्माण र प्लम्बिङको काममा सहयोग गरी प्रयोगमा ल्याउन पहल थाल्यो। तर पहिले काम गरेको भुक्तानी नपाएसम्म काम गर्न नदिने भनेर एक पक्षले अवरोध गर्‍यो। उपभोक्ता समितिका पदाधिकारीहरूसँग समन्वय गरी आमभेला गर्दा पनि यस विषयमा सहमति हुन सकेन।

कठिन परिस्थितिमा समेत सबैलाई मिलाएर काम गर्ने आफ्नो संस्थागत स्वभाव अनुरूप नेवाका कर्मचारीहरूले वडासँग समन्वय गरी वडाध्यक्षको अध्यक्षतमा विद्यालयमै आमभेला गरी समन्वयकारी भूमिका निर्वाह गरेर २०८१ वैशाख महिनामा स्ल्याब निर्माण र प्लम्बिङ गरी चर्पी प्रयोगमा ल्याउन सफल भयो। विद्यालयको धारा भने २०८० चैतमै बनिइसकेको थियो। यसरी विद्यालयमा सुरक्षित पानीको उपलब्धता र चर्पीको प्रयोग हुन थालेपछि धेरै समयदेखिको दुःखको अन्त्य हुनुका साथै विद्यालयको वातावरण सफा सुग्घर भएको कल्पनाले बताउनु भयो।

यस विद्यालयको कक्षा ३ मा पढ्ने युनिशा घिसिङ चर्पी नहुँदा विद्यालय नै आउन मन नलाग्ने गरेको बताउँदै अब चर्पी (बाँकी पृष्ट ५ मा)

# पूर्ण सरसफाइ उन्मुख अवस्थाका लागि नेवा र स्थानीय सरकारको पहल

नेपाललाई खुला दिसामुक्त राष्ट्र घोषणा गरेपछि नेपाल सरकारले लिएको पूर्ण सरसफाइ उन्मुख अभियान अन्तर्गत 'सफा र स्वच्छ गाउँ अभियान' कार्यक्रममा योगदान गर्नका लागि नेवा प्रदेश कार्यालय सिन्धुली र कमलामाई नगरपालिका बीच सहकार्य अघि बढेको छ। यस अन्तर्गत नेवा तथा कमलामाई नगरपालिकाको साझेदारीमा सम्पन्न ढुंग्रभञ्ज्याङ खानेपानी तथा सरसफाइ आयोजनामा सामुदायिक स्वच्छता तथा सरसफाइ स्वयमसेवक टोली गठन गरी उक्त टोली मध्येबाट सफा र स्वच्छ समुदाय घोषणाका लागि स्वच्छता र सरसफाइका गतिविधिहरूको अनुगमन गर्न छुट्टै टोली गठन गरिएको छ। यो टोलीले २०८०/०८१ भित्र आयोजना क्षेत्रलाई सफा र स्वच्छ समुदाय घोषणा गर्ने उद्देश्यले प्रत्येक घर, होटल तथा होमस्टेमा समेत



खासस्व संरचनाहरूको अवलोकन गर्दै स्वयंसेवी टोलीका सदस्यहरू

प्रत्येक महिना नियमित रूपमा अनुगमन गरी सरसफाइ र स्वच्छता कायम राख्न विशेष ध्यानाकर्षण गराउँदै फोहोर व्यवस्थापनलाई विशेष जोड दिन समेत आग्रह गर्ने गरेको छ।

अनुगमन टोलीका स्वयंसेवकहरूलाई अनुगमन अघि पूर्ण सरसफाइ उन्मुखका सूचकहरू बारे परिचित गराउँदै अनुगमन सम्बन्धी सीप र ज्ञान प्रदान गर्नका लागि नेवाले खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन सम्बन्धी दुई दिने तालिम दिएको थियो।

यो अनुगमन टोलीले समुदायका प्रत्येक घरमा शौचालयको उचित प्रयोग तथा त्यसको सरसफाइ, व्यक्तिगत सरसफाइ, घरायसी सरसफाइ, चाङ, जुठ्यान, साबुनपानीले हात धुने स्थान र साबुन पानीको उपलब्धता एवं सुरक्षित पानीको प्रयोग लगायतका पूर्ण सरसफाइ उन्मुख अवस्थाका सम्पूर्ण सूचकहरूको अनुगमन गर्ने र मापदण्ड अनुसारको कार्य गर्न समुदायलाई सल्लाह र सुझाव दिने गर्छ। यस आयोजना क्षेत्रभित्र बीपी राजमार्गदेखि लिएर ऐतिहासिक महत्व बोकेको सिन्धुलीगढी दरवार क्षेत्रसमेत पर्ने हुँदा त्यस ठाउँमा अवस्थित ठूला रिसोर्ट, होटल तथा पसलबाट निस्केका फोहोरहरूको पनि अनुगमन हुने गर्छ। यस ठाउँमा नगरपालिकाले यस अघि राखेका डष्टबिनहरूको उचित व्यवस्थापन नभएकाले समुदायको खेतीयोग्य जमीन र बाटाघाटामा फोहोर फाल्ने प्रवृत्ति बढेको पाइएकाले अनुगमन समितिले त्यस्ता क्रियाकलाप रोक्नका लागि समेत विशेष ध्यान दिन थालेको छ।

अनुगमन टोली परिचालन भएपछि चर्पी प्रयोग नगर्नेले धमाधम मापदण्ड अनुसारको चर्पी बनाई प्रयोग गर्न थालेको तथा घर घरमा फोहोर व्यवस्थापनका लागि स्थानीय सामग्रीबाट निर्मित डष्टविन राख्न थालेको पाइएको छ। यसैगरी घरघरमा चाङ, जुठ्यान निर्माण गरी तिनको प्रयोग लगायत सफा र स्वच्छ समुदायको सूचक पूरा गर्न थालेको देखिएको छ।

✍ *प्रमिला कुमारी लुंगेली*



खासस्व संरचनाहरूको अवलोकन गर्दै स्वयंसेवी टोलीका सदस्य

(पृष्ट ४ को बाँकी)

## विद्यालय चर्पीले ल्यायो .....

र पानी दुवैको सुविधा भएकाले धेरै सहज भएको बताउनु हुन्छ। विद्यालयकी प्रधानाध्यापक सुमित्रा तामाङ पनि नेवाको अग्रसरतामा विद्यालय चर्पी निर्माण भएपछि शिक्षक र विद्यार्थी सबैलाई ज्यादै सजिलो भएको र यसले विद्यालयको सरसफाइको अवस्था मात्र नभएर विद्यार्थीहरूको सरसफाइ सम्बन्धी बानी व्यवहार समेत परिवर्तन भएको बताउनु हुन्छ। उहाँले चर्पी र पानीको अभावमा विद्यार्थीहरूलाई सरसफाइ र स्वच्छताका विषयमा कुरा गर्न पनि आफूलाई असजिलो लाग्ने गरेको अनुभव सुनाउँदै भन्नुहुन्छ "अब त सबै विद्यार्थीलाई उचित तरिकाले साबुन पानीले हात धुने व्यावहारिक अभ्यास गराउन पाइएको छ।"

सरकारले शिक्षाका नाममा बर्सेनी खर्बौं रूपैयाँ खर्च गर्ने गरेको छ। तर यत्रो धेरै लगानी गरिएको क्षेत्रको सुधार गर्न स-साना कुरामा ध्यान दिन सके मात्रै शैक्षिक गुणस्तर वृद्धि हुने कुरामा कुनै सन्देह छैन।

✍ *केशव विष्ट*

# पूर्ण सरसफाइ उन्मुख अवस्थातिरको यात्रामा अघि बढ्दै रुम गाउँ

उज्यालो भुइँमा खस्न नपाउँदै पानी भरिएको गाग्री बोकेर दिनचर्या शुरु गर्नु पर्ने अघिल्लो पुस्ताको बाध्यता म्याग्दी जिल्लाको मालिका गाउँपालिका, वडा नं. २ को रुम गाउँका नयाँ पुस्ताले अहिले पनि बेहोर्नु परिरहेको छ । खासगरी महिलाहरूको जिम्मामा रहेको पानी ओसार्ने कामको चपेटामा परेको देशका अरु असंख्य गाउँहरूको जस्तै अवस्था यहाँ पनि रहेको छ ।

प्राकृतिक सुन्दरताको कमी छैन रुम गाउँमा । गाउँमा यातायात, बिजुली र स्वास्थ्य सम्बन्धी आधारभूत सेवाहरू पनि उपलब्ध छन् । घरहरू पनि राम्रा राम्रा बनेका छन् । तर स्वस्थ रहन सबैभन्दा आवश्यक पर्ने सुरक्षित खानेपानीको समस्या भने यहाँ आजसम्म पनि समाधान हुन सकेको छैन ।

त्यसो त खानेपानीको सुविधा नै नपुगेको त होइन यस गाउँमा । करिव १३ वर्ष अघि निर्माण भएको खानेपानी आयोजना अन्तर्गत यस गाउँमा केही सामुदायिक धाराहरू बनेका थिए । तर धेरै घरका बीचमा भएका थोरै धाराले त्यहाँका बासिन्दाको माग पूरा गर्न सकेको थिएन । पिउनका लागि त्यति पानी उपलब्ध हुनु पनि ठूलै कुरा थियो त्यो समयमा । पर्याप्त पानी उपभोग गर्ने चाहना भने उनीहरूको मनमै रहेको थियो ।

तर हिजोभन्दा आज सुधारिएको अवस्थाको खोजी गर्ने मानवीय स्वभाव नै भएकाले रुम गाउँमा पनि घरैपिच्छे धाराको माग बढ्न थालेको थियो । यही जनचाहना अनुसार २ सय ७२ घरधुरी र करिव १३ सय जनसंख्या रहेको यस गाउँमा एक घर एक धारा नीति अनुसार खानेपानीको भरपर्दो व्यवस्था गर्न नेवा र मालिका गाउँपालिकाको साझेदारीमा २०७९ साउनमा विस्तृत सर्वेक्षण शुरु भएपछि यहाँका बासिन्दाको मनमा नयाँ आशाको सञ्चार भयो ।

यसै सिलसिलमा नेवाले आ.व.२०८०/८१ को स्वीकृत कार्यक्रम अनुसार ठूलोरुम खानेपानी तथा सरसफाइ आयोजना निर्माणका लागि



*खानेपानी आयोजनाका लागि आयोजित सामुदायिक भेलाको दृष्य*

२०८० भाद्र १४ गते आम भेलामार्फत समुदायलाई आयोजना निर्माण सम्बनधी सम्पूर्ण जानकारी गराएको थियो । महिलाहरूको उपस्थिति उल्लेख्य रहेको उक्त भेलामा मालिका गाउँपालिका वडा नं. २ का वडा अध्यक्ष उदय कुमार बुढाथोकीले यो आयोजना निर्माणका लागि पहल गरिदिएकोमा नेवालाई धन्यवाद दिँदै आयोजना सम्पन्न गर्न स्थानीय सरकारको यथेष्ट सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

नेवा, मालिका गाउँपालिका र उपभोक्ताको त्रिपक्षीय सहयोगबाट करिव ७४ लाख ३० हजार रूपैयाँ बराबरको बजेटबाट यो आयोजना सम्पन्न हुनेछ । २०८० मंसिरबाट आयोजनाका संरचनाहरूको निर्माण कार्यको थालनी भएको छ । यस आयोजनामा स्थानीय महिलाहरूको सहभागिता बढी र उत्साहप्रद भएको ठूलोरुम खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष भेष बहादुर घर्ती मगर बताउनु हुन्छ ।

पहिले एउटै मुहानबाट गाउँभरि खानेपानी वितरण गरिएको थियो भने हाल दुई वटा मुहानबाट पानी वितरण गरिनेछ । जस अन्तर्गत रुम खानेपानी तथा सरसफाइ आयोजनामा २७५ घरधुरी लाभान्वित हुनेछन् ।



*आयोजनाले ल्याएको उत्साह : स्थानीयहरू पाइप लाइन खन्दै*



*पूर्ण सरसफाइ उन्मुख अवस्थाका लागि चेतना जागरण अभियानको झलक*




*सहकर्मीका साथ पाइप काट्ने काममा संलग्न देवीसरा घर्ती (बायाँतिर)*

### सीपमूलक काममा महिलाहरूको सहभागिता

यस आयोजनाको मर्मत कार्यकर्ता र समितिको सदस्य समेत रहनुभएकी देवीसरा घर्ती पाइप काट्ने तथा जडान कार्यमा सक्रियताका साथ लागि पर्नुभएको छ । समाजका प्रत्येक क्षेत्रमा पुरुष सरह महिला समावेश हुन लागेको वर्तमान परिप्रेक्ष्यमा घर्तीले गर्नु भएको हिम्मत अब ग्रामीण क्षेत्रका महिलाहरूको पनि सशक्तिकरण हुन थालेको प्रमाण पनि हो । रसाइली मात्र होइन, यस गाउँका सबैजसो महिलाहरू घरको कामका साथै आयोजना प्रतिको जिम्मेवारी वहन गर्दै जुटेका छन् । आगामी केही महिनामा नै आफ्नै घरको आँगनको धाराबाट सुरक्षित खानेपानी प्रयोग गर्न पाइनेमा आफू विश्वास रहेको कुरा खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका कोषाध्यक्ष रीता सुनार पटेल बताउनुहुन्छ ।

### नमुना गाउँ बनाउने अभियानमा महिलाहरूको अग्रसरता

रुम गाउँका महिलाहरू एक घर एक धाराको अवधारणा र नेपाल सरकारको लक्ष्य अनुसार सन् २०३० सम्ममा सबैका लागि र सधैँका लागि पूर्ण सरसफाइ तर्फ उन्मुख अवस्था हासिल गर्नेतर्फ अग्रसर भएका छन् । उनीहरू घोषित रूपमै ‘सरसफाइको गतिदेखि पूर्ण सरसफाइसम्म’ नारा तय गरी काममा लागिपरेका छन् । यस गाउँलाई सफा र सुन्दर बनाउन गाउँपालिकाबाट फोहोर व्यवस्थापनका लागि बजेट विनियोजन भएको छ । निकट भविष्यमा डम्पिङ साइड निर्माण गरी फोहोरको व्यवस्थित विर्सजन बताउनु हुन्छ, मालिका गाउँपालिका, वडा नं.२ की वडा सदस्य तथा गाउँपालिकाकी कार्यपालिका सदस्य प्रतिक्षा रसाइली ।

नेवाबाट समुदायमा सञ्चालित विभिन्न तालिम तथा कार्यक्रमबाट प्रभावित भएर सरसफाइका क्रियाकलापहरूको थालनी भएको छ । ‘सबैका लागि र सधैँका लागि सरसफाइ’ भन्ने भनाईलाई आत्मसात गर्दै आयोजना निर्माण सँगै चाङ/जुठ्यान निर्माण लगायतका कार्यमा सबैलाई परिचालित गरिएको ठूलोरुम खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका सदस्य गीता पुनले बताउनु भयो ।

*हेम राज महरा*

## कविता

### मेरो पनि समाचार लेखी दिनु है

*प्रिय पत्रकार,*
*मेरो समाचार पनि लेखिदिनु है !*
*बिहानी मिर्मिरे उषासङ्गै गोधुली साँझसम्म*
*पँधेरीमा मैले समय बिताएको*
*समाचार लेखिदिनु है !*

*पानी नहुँदा कैयौं दिन भोकै बसेको छु*
*कैयौं दिन रित्तो गाग्री बोकेर घर फर्केको छु*
*लेख्न मिल्छ भने यो पनि लेखिदिनु है !*
*खोलाको पानी खाएर हामी रोगी भएको खबर*
*महामारीले गाउँ थला परेको खबर*
*सिटामोल सम्म पाइँदैन मेरो गाउँमा*
*गाडी आइपुग्दैन मेरो गाउँमा*
*जीवनजल बन्दैन मेरो गाउँमा*

*प्रिय पत्रकार,*
*टाउकोमा नाम्लो र पिठ्यूँमा डोकोले छोडेन मलाई*
*वर्षैपिच्छे वसन्तमा विरुवाले पालुवा फेर्छ*
*तर, पँधेरीको मेरो यात्रा कहिल्यै फेरिएन*
*त्यसैले यो गाउँको समाचार लेखिदिनु है !*
*बसाईँ सर्नेको कमी छैन मेरो गाउँमा ।*
*आकाशै उज्यालो पारेर चन्द्रमा उदाउँदा*
*चाँदनीले भिजेर धर्ती मुस्कुराउँदा*
*म मुस्कुराउन सकिनँ*
*नयाँ बिहानीको पखाईमा बसेका हामी*
*अझै अन्धकारको भुमरीमा रहेको समाचार लेखिदिनु है !*

*प्रिय पत्रकार,*
*धेरै रात फाल्यौ तर पुर्णिमाको जुन देखिएन*
*हामी बत्तीमुनिको अँध्यारो बनेका छौं*
*त्यसैले मेरो अनि मेरो गाउँको कहानी*
*आफ्नै सम्झी, किञ्चित पराई नठानी*
*गाउँ छोडेर बसाईँ सरी जानेहरूको वेदनाको*
*समाचार लेखिदिनु है !*
*नबिर्सी लेखिदिनु है पत्रिकाको पानाभरि*
*यस्सो लेख्न त मिल्ला नि है ?*
*किनकी तपाईको समाचारले*
*यो गाउँको मुहार फेरिनेछ*
*त्यसैले नबिर्सी मेरो गाउँको समाचार लेखिदिनु है !*

*हेमराज महरा*

# व्यावहारिक तालिमका साथ महिनावारी स्वच्छता दिवस सम्पन्न

"महिनावारी मैत्रीपूर्ण विश्वको लागि हातेमालो" भन्ने मूल नाराका साथ महिनावारी स्वच्छता दिवस मे महिनाको २८ तारिखका दिन विभिन्न कार्यक्रमको आयोजना गरी मनाइएको छ। महिनावारी सम्बन्धी गलत धारणाहरूलाई उजागर गरी स्वच्छता र सरसफाइ सम्बन्धी आनीबानीमा परिवर्तन ल्याउने उद्देश्यले उक्त कार्यक्रम सञ्चालन गरिएको हो। यस क्रममा नेवाको आर्थिक तथा प्राविधिक सहयोगमा सञ्चालित आयोजनाहरू मध्ये धवलागिरी गाउँपालिकाका दुई वटा आयोजना तथा मालिका गाउँपालिकाका तीन वटा आयोजनाहरूमा महिनावारी सम्बन्धी गलत धारणा र त्यसबाट स्वास्थ्यमा पर्न जाने असरहरूको बारेमा अन्तक्रिया छलफल गर्नुका साथै महिनावारी समयमा अपनाउनु पर्ने सरसफाइ, स्वच्छता र सामाजिक व्यवहारहरूका बारेमा चर्चा गरिएको थियो।

यसैगरी महिनावारी स्वच्छता दिवसका अवसरमा बिमडाँडा गाउँ, दास सिरेदी खोप्टी र जनप्रिय मा.वि मा महिनावारी सम्बन्धी परम्परागत धारणा, त्यसबाट स्वास्थ्यमा पर्न जाने असर र महिनावारी अवस्थामा अवलम्बन गर्नु पर्ने सरसफाइ र स्वच्छता सम्बन्धी व्यवहारहरूका विषयमा अन्तक्रिया गरी कपडाको प्याड बनाउने तालिम सञ्चालन प्रयोग विधिका बारेमा समेत छलफल गरिएको थियो।



*तालिमका क्रममा बनाइएका स्यानिटरी प्याडका साथ सहभागीहरू*

महिनावारी स्वच्छता दिवसकै अवसरमा बागलुङ जिल्लामा सञ्चालित सात वटा खानेपानी तथा सरसफाइ आयोजनाहरूमा महिनावारी स्वच्छता सम्बन्धी अन्तरक्रिया छलफल गरी महिनावारी सम्बन्धी समाजमा व्याप्त भ्रमहरू चिर्ने र महिनावारी स्वच्छता सम्बन्धी सन्देश दिने खालका नाराहरू सहितको ऱ्याली सहित समुदाय परिक्रमा गरिएको थियो।

*✍ बाल कुमारी महतो*

# भ्यालखर्क नयाँपानी खानेपानी तथा सरसफाइ आयोजनाको उद्घाटन सम्पन्न

नेवा, प्रदेश कार्यालय बागलुङ र ढोरपाटन नगरपालिकाको साझेदारीमा यस नगरपालिकाको वडा नं. २ को भ्यालखर्क टोलमा निर्मित भ्यालखर्क नयाँपानी खानेपानी तथा सरसफाइ आयोजनाको उद्घाटन सम्पन्न भएको छ। ढोरपाटन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णु प्रसाद ज्ञवालीले २०८१ जेष्ठ १९ गते रिबन काटेर साथै धाराको पानी पिएर यस आयोजनाको उद्घाटन गर्नुभएको हो।

भ्यालखर्क नयाँपानी गाउँका २५ घरपरिवारका १ सय ६१ जनसंख्याका लागि करिब २७ लाख ३३ हजार रूपैयाँको लागतमा निर्मित यस आयोजनामा नेवाको १२ लाख ४७ हजार रूपैयाँ, ढोरपाटन नगरपालिकाको ७ लाख ९७ हजार रूपैयाँ, उपभोक्ताको जनश्रमदान ६ लाख ५१ हजार रूपैयाँ र समुदायको नगद ३६ हजार ८ सय रूपैयाँको योगदान रहेको छ।




*खानेपानी आयोजनाको उद्घाटन गर्दै ढोरपाटन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णु प्रसाद ज्ञवाली*

आयोजनाका उपभोक्ता तथा नेवाका कर्मचारीहरूको उपस्थिति रहेको खानेपानी आयोजना उद्घाटन कार्यक्रमका अधिकांश वक्ताहरूले कुनै पनि संरचना निर्माण गर्नु मात्र ठूलो कुरा नभई त्यसलाई दिगो बनाउनु महत्वपूर्ण कुरा भएको कुरामा जोड दिनुभएको थियो। त्यसका लागि नियमित मर्मत सम्भार कार्यमा जोड दिनुपर्ने, मर्मत सम्भार कोष वृद्धि गर्नु पर्ने, प्रभावकारी सेवा हुनुपर्ने, नियमित रूपमा महशुल उठाउनु पर्ने लगायतका कुरामा जोड दिनुभएको थियो।

खानेपानी उपभोक्ता समितिका अध्यक्ष भीमकान्त पाध्यको अध्यक्षतामा सम्पन्न भएको थियो उक्त कार्यक्रममा ढोरपाटन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णु प्रसाद ज्ञवाली प्रमुख अतिथि रहनु भएको थियो भने कार्यक्रमको विशिष्ट अतिथि वडा न २ का वडा सदस्य चुडामणी जैसी, इन्जिनियर सन्तोश पौडेल र बुद्धिजीवी दिल बहादुर कुमाल रहनु भएको थियो।

*✍ प्रदीप माझी*

# समाचार तथा केस स्टडी लेखन तालिम सम्पन्न

नेवा, प्रधान कार्यालय, काठमाडौंको आयोजनामा प्रदेश कार्यालयहरूमा कार्यरत कर्मचारीहरूका लागि समाचार लेखन र केस स्टडी लेखन तालिमको आयोजना गरियो । सहभागीहरूमा समाचार तथा केस स्टडी तयारी ज्ञान र सीप अभिवृद्धि गर्ने उद्देश्यले २०८० फागुन २४ गतेदेखि २६ गतेसम्म काठमाडौंमा आयोजित उक्त तालिममा प्रदेश कार्यालय बागलुङ र सिन्धुलीका २३ जना कर्मचारीहरूको सहभागिता रहेको थियो ।

तालिममा नेवाद्वारा सञ्चालित खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रमका उल्लेखनीय पक्षहरूलाई समाचार तथा केस स्टडी लेखनका माध्यमबाट रोचक र प्रामाणिक तरिकाले प्रस्तुत गर्न सहभागीहरूलाई सक्षम बनाउने हेतुले सैद्धान्तिक तथा व्यावहारिक सत्रहरू सञ्चालन गरिएको थियो ।

तालिमको प्रारम्भिक सत्रमा नेवाका निर्देशक ई. रेशमजङ्ग सिंहले यस प्रकारका तालिमहरूबाट कमर्चारीहरूको व्यक्तिगत ज्ञान र सीप अभिवृद्धि हुने बताउँदै यसबाट संस्थाका गतिविधिहरूको अभिलेखीकरणमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । सो अवसरमा उहाँले संस्थाका विभिन्न प्रकाशन, प्रतिवेदन तथा दातृ निकायसमक्ष प्रस्तुत गरिने प्रस्तावहरूका लागि संस्थाले हासिल गरेका असल अभ्यासहरूलाई समावेश गर्न यो तालिम सहयोगी बन्ने अपेक्षा समेत व्यक्त गर्नु भयो ।

केस स्टडीले उपभोक्ता, दातृ निकाय र अन्य सरोकारवालाहरूमा प्रेरणा जगाउने हुँदा केस स्टडी लेखनमा मुख्य रूपमा समुदायको पूर्वावस्था, त्यस अवस्थामा परिवर्तन ल्याउन गरिएको पहल र परिवर्तित अवस्थालाई समेटेर त्यसको रोचक प्रस्तुती आवश्यक पर्ने यस तालिमको मुख्य जोड रहेको थियो । यसैगरी तालिमका सहभागीहरूलाई संस्थासँग सम्बन्धित विभिन्न क्रियाकलाप, उपलब्धि र उल्लेखनीय पक्षलाई समाचारका माध्यमबाट प्रस्तुत गर्न सक्षम बनाउनका लागि समाचार लेखन सम्बन्धी सहजीकरण तथा व्यावहारिक अभ्यास पनि गराइएको




सहभागीहरूलाई प्रमाणपत्र प्रदान गर्दै नेवाका निर्देशक इ. रेशम जङ्ग सिंह




तालिमका सहभागीहरू

थियो । कार्यक्षेत्रमा भएका पहलहरू र तथ्यलाई प्रामाणिक रूपले प्रस्तुत गर्न तथा विगत र परिवर्तित अवस्थालाई तुलनात्मक रूपले सार्वजनिक गर्न फोटोग्राफीको महत्वपूर्ण भूमिका हुने कुरालाई पनि तालिममा जोड दिइएको थियो ।

तालिमको सहजीकरण भरत अधिकारी र नेवाका पिआरएम प्रबन्धक डा. महेश्वर प्रसाद यादवले गर्नु भएको थियो ।

*विपिन हाडा*

## कविता

### स्वास्थ्य र सरसफाइ

*स्वस्थ रहन सरसफाइमा ध्यान दिनुपर्छ*
*फोहोर हुँदा रोग एकबाट अर्कोमा सर्छ*
*त्यसैले त व्यक्तिगत सरसफाइमा सबैले दिऔं ध्यान*
*नत्र भने लिन सक्छ त्यही सरसफाइको कमीले ज्यान*
*ताजा खाना स्वच्छ पानी सबले पिउने गरौं*
*वातावरण सफा गर्न अब अघि बढौं*
*सफा राखौं घर अनि खोलानाला बाटो*
*अर्गानिकलाई महत्व दिऔं जङ्फुडको साटो*
*जङ्कफुडले गर्दा हुन्छ स्वास्थ्य हुन्छ खत्तम*
*खरिद नगरी गरौं बचत मोहोर*
*स्वस्थ हुन गर्नुपर्छ सरसफाइ*
*फोहोरले भन्दैन नि आफन्त र दाजुभाई*
*त्यसैले त गरौं है सरसफाइ सबले*
*गर्दै गर्दा सफल हुन्छ काम अनुभवले*

*सृजना पाटा मगर*

# विविध सचेतनामूलक कार्यक्रमका साथ विश्व हात स्वच्छता दिवस मनाइयो

प्रत्येक वर्ष मे ५ का दिन मनाइने विश्व हात स्वच्छता दिवस यस वर्ष 'आफ्नो हात सफा राखौः जीवन बचाऔं' भन्ने मूल नारा साथ नेवाका विभिन्न खानेपानी तथा सरसफाइ आयोजनाहरूमा विविध सचेतनामूलक कार्यक्रमको आयोजना गरेर मनाइएको छ ।

हातको स्वच्छता सम्बन्धी अभ्यासहरू प्रवर्द्धन गर्ने, हातको स्वच्छता अभ्यासहरू मार्फत संक्रमणहरू काम गर्ने, हातको स्वच्छताका लागि पूर्वाधार र अभ्यासहरूलाई प्रवर्द्धन गर्ने नीति र प्रणालीहरूको पैरवी गर्ने उद्देश्यका साथ स्थानीय सरकार, खानेपानी तथा सरसफाइको क्षेत्रमा कार्यरत संघ/संस्था,नागरिक समाज, लगायतका अन्य सरोकारवाला निकायहरूलाई समेटेर यो दिवस मनाइएको थियो ।

यो अभियान सफल बनाउन नेवा प्रदेश कार्यालय, सिन्धुलीले सिन्धुली जिल्लाका दुधौली, मरिण, कमलामाई, गोलन्जोर, फिक्कल, तीनपाटन, सुनकोशी पालिका र काभ्रे जिल्लाका खानीखोला र रोशी गाउँपालिकाका विभिन्न वडाहरूमा सञ्चालित २५ वटा खानेपानी तथा सरसफाइ आयोजनामा कार्यरत कर्मचारी, स्थानीय तहका कर्मचारी खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका पदाधिकारीहरू लगायत अन्य सरोकारवालाहरूको सहभागितामा आयोजना अन्तर्गतका विभिन्न टोल/बस्ती, विद्यालयहरू तथा समुदायहरूमा वृहत छलफल, गोष्ठीको आयोजना गरेको थियो । उक्त अवसरमा हातको स्वच्छता सम्बन्धी विभिन्न सचेतनामूलक र सन्देशमूलक जानकारीहरूका साथै साबुन पानीले हात धुनु पर्ने अवस्थाहरू एवं फोहोर हातको माध्यमले सर्ने रोगहरूबारे सचेत गराइएको थियो । कार्यक्रममा साबुन पानीले उचित तरिकाले हात धुने विधिको प्रयोगात्मक प्रदर्शन गर्नुका साथै हात कुनै पनि समयमा फोहोर हुनसक्ने भएकाले यसको सफाइमा सदैव चनाखो हुनु पर्ने विषयमा समेत छलफल भएको थियो । यस कार्यक्रममा विभिन्न पालिका अन्तर्गतका विभिन्न खानेपानी तथा सरसफाइ आयोजनाका ९ सय ६६ जना उपभोक्ताहरूको सहभागिता रहेको थियो ।

यसैगरी नेवा प्रदेश कार्यालय, बागलुङको सहजीकरणमा म्याग्दी जिल्लाको धवलागिरी, मालिका र मंगला गाउँपालिकाहरूमा सञ्चालित १० वटा आयोजनाहरूमा विविध कार्यक्रमको आयोजना गरी यो दिवस मनाइएको थियो । यसैगरी बागलुङ जिल्लाको ढोरपाटन र बागलुङ नगरपालिका तथा बडीगाड गाउँपालिकामा सञ्चालित सात वटा आयोजनाहरूमा यो दिवस मनाइएको थियो ।



सिन्धुली जिल्लाको फिक्कल गाउँपालिका - ६ स्थित गैरीगाउँ खानेपानी तथा सरसफाइ आयोजनामा आयोजित विश्व हात स्वच्छता दिवसको झलक

यस कार्यक्रममा हातको स्वच्छता भनेको के हो ? हातलाई कसरी स्वच्छ राख्ने ? फोहोर हातबाट लाग्ने रोगहरूको रोकथाम कसरी गर्ने, के कस्तो अवस्थामा साबुन पानीले हात धुनै पर्ने हुन्छ भन्ने विषयमा नेवाका कर्मचारी तथा सहजकर्ताहरूले वृहत रूपमा चर्चा परिचर्चा र छलफल कार्यक्रमलाई अघि बढाएका थिए ।

साथै अन्त्यमा उक्त अभियानमा समस्या र चुनौती र सुझावको रूपमा कार्यक्रममा केही सहभागीहरूले हात स्वच्छतालाई दिगो रूपमा मानिसको व्यवहार परिवर्तन गर्नु जरुरी छ र नियमित रूपमा यस्ता कार्यक्रमहरू भइरह्यो भने मानिसको बानी व्यवहारमा दिगो परिवर्तन आउने र यस अभियानलाई अझ प्रभावकारी बनाउन सरसफाइ सम्बन्धी निति नियमहरूमा कडाइका साथ लागू गर्नुका साथै दण्ड जरिवाना र पुरस्कारको व्यवस्था गर्नु पर्ने सुझाव पनि दिएको थियो ।

*नवीन घिमिरे/बालकुमारी महतो/वसुन्धरा घर्ती*




बागलुङ जिल्लाको बडिगाड गाउँपालिका - ५ स्थित जोगीबगर भकभके खानेपानी तथा सरसफाइ आयोजनामा आयोजित विश्व हात स्वच्छता दिवसको झलक




सिन्धुली जिल्लाको मरिन गाउँपालिका - १ स्थित भदौरे चुक्ते खानेपानी तथा सरसफाइ आयोजनामा आयोजित विश्व हात स्वच्छता दिवसको झलक

# '.. अनि पानीसँगै गाग्रीमा खुशी छचल्कियो'

तेह्र वर्षको कलिलो उमेरमा विवाह भएको थियो तारा कुमारी कार्कीको । कानुनले बालविवाहमा बन्देज लगाए पनि उहाँका हकमा यो कुरा लागू भएन । सिन्धुली जिल्लाको हाल सुनकोशी नगरपालिका वडा न. ५, खनियाखर्क गाउँमा २०४६ सालमा बेहुली बनेर भित्रिँदा उहाँलाई कलिलो उमेरमा जन्मघर छाड्नु परेको पीडा त छँदैथियो, त्यो भन्दा बढी पीडा र दुःख नयाँ ठाउँमा व्याप्त खानेपानीको अभावले दिएको थियो । "त्यतिखेर पानी लिन गाउँदेखि धेरै तलको कुवामा जानु पर्थ्यो, तर त्यहाँ पनि पालो नपर्खी पानी भर्न पाइँदैनथ्यो । हामी बिहान ५ बजे गएर बल्लतल्ल ९ बजे एक गाग्री पानी लिएर घर आइपुग्थ्यौं" तारा भन्नुहुन्छ ।




*खनियाखर्क गाउँ*

## बाध्यताको वनभोज

त्यतिखेर तारा गाउँका आफ्ना साथीहरूसँग हप्तैपिच्छे 'वनभोज' जानुहुन्थ्यो, तर रहरले होइन बाध्यताले । खानेपानीकै समस्या विकराल बनेको त्यो गाउँमा लुगा धुने पानी त हुने कुरै भएन । त्यसैले उहाँहरू छरछिमेकी दिदी बहिनी, नन्द मिलेर गाउँबाट धेरै तलको लाङ्ग्री खोलामा गएर दिनभरि लुगा धुनुहुन्थ्यो । त्यहीँ कसैले खाना पकाउँथे, कसैले लुगा धुन्थे । किशोरावस्थाको त्यो एकछिनको रमाइलो राम्ररी नसुकेका लुगा बोकेर उकालो लागेपछि कता हराउँथ्यो कता ।

त्यतिखेर गाउँमा कसैको घरमा पनि चर्पी थिएन । पानीकै अभावले गर्दा पक्की चर्पी बनाएर प्रयोग गर्न साध्य थिएन । सरसफाइको कमीले गर्दा गाउँमा बेलाबेलामा झाडापखाला जस्ता रोगहरूको प्रकोप भइरहन्थो । २०५४ सालमा त्यतिखेरको गाविसबाट पाएको केही अनुदानबाट अस्थायी पाइपबाट गाउँसम्म पानी ल्याएपछि यहाँका बासिन्दाले केही राहत त पाए, तर घरिघरि बिग्रिइरहने र बर्खायाममा धमिलो पानी आउने भएकाले यसले उनीहरूको समस्याको पूरा सम्बोधन गर्दैनथ्यो ।




*तारा कुमारी कार्की आफ्नै घरको धारामा*

२०६४ सालमा खानेपानीका लागि अर्को पहल भयो । गरीबी निवारण भन्ने समूह मार्फत् समुदायका सबै घरलाई उपभोग गर्न मिल्ने गरी एउटा ट्याङ्की निर्माण गरियो र दश घरका बीचमा एउटा धारा रहने व्यवस्था गरियो । तर मर्मत सम्भार र दिगोपनाको कुनै संयन्त्र नै खडा नगरी बनाइएका त्यस्ता संरचनाहरू केही समयपछि बिग्रिए र उपभोक्ताहरू फेरि अस्थायी पाइपको पानी खान बाध्य भए ।

## सहकार्यबाट संभव भयो पानी.

यसरी खानेपानीका लागि वर्षौंसम्म दुःख कष्ट व्यहोर्दै आएका खनियाखर्कवासीको यो दुःख अन्त्यका लागि नगरपालिकाले पहल शुरु गऱ्यो । २०७८ सालमा नगरपालिकाले नेवा प्रदेश कार्यालय, सिन्धुलीसँग यस ठाउँमा खानेपानी आयोजना निर्माण गरिदिनका लागि अनुरोध गऱ्यो । आयोजनाको संभाव्यता अध्ययनपछि नेवाले आफ्नो आर्थिक तथा प्राविधिक सहयोगमा यस ठाउँमा खानेपानी तथा सरसफाइ आयोजना निर्माणका लागि सहमति जनायो । यसरी सुनकोशी नगरपालिका र नेवाको संयुक्त साझेदारी तथा समुदायका सदस्यहरूको सक्रिय सहभागिताबाट करिव ६ किलोमिटर टाढाको मुहानबाट ५१ घरका ३ सय ३२ जनसंख्याका लागि पानी ल्याउने काम शुरु भयो । समुदायका सदस्यहरूले पाइप लाइन खन्ने, पुर्ने लगायत मुहानदेखि धारासम्मका सम्पूर्ण संरचनाहरूको निर्माणमा दक्ष मिस्त्रीलाई आवश्यक सहयोग गरे । उपभोक्ताहरूको ५७ दिनको श्रमदानले गर्दा आयोजना घोषित समयमा सम्पन्न भयो । हाल समुदायका प्रत्येक घर लगायत गाउँको सामुदायिक विद्यालयमा समेत बनेका धाराबाट पानी आउँछ ।

### पानीसँगै गाग्रीमा खुशी छचल्कियो

खानेपानीको सुविधा सँगसँगै समुदायमा सरसफाइको अवस्थामा पनि सुधार आयो । चर्पीको उचित प्रयोग, हात धुने स्थानको व्यवस्था र त्यसको समुचित प्रयोग, व्यवस्थित तरिकाले फोहोर विसर्जन गर्ने, माझेका भाँडाकुँडा चाङमा सुकाउने, खानेपानी छोपेर राख्ने जस्ता सबै कामलाई मानिसहरूले आफ्नो दिनचर्या नै बनाए ।

विद्यालय जाने उमेरमा यस गाउँमा जिम्मेवारीको बोझ लिएर भित्रिएकी ताराले घर र बालबच्चा सम्हाल्दै कक्षा १२ सम्मको पढाई पूरा गर्नुभयो । २०५२ सालदेखि उहाँ यसै आयोजना क्षेत्रभित्र रहेको भूमेश्वर आधारभूत विद्यालयको शिक्षक समेत बन्नुभयो । शिक्षाको उज्यालो छर्ने काममा संलग्न तारा नेवाका कर्मचारीहरूले समुदायका मानिसहरूलाई प्राविधिक लगायत स्वच्छता र सरसफाइ विषयमा दिएको ज्ञानलाई व्यावहारिक र जीवनोपयोगी मान्नु हुन्छ । शिक्षा भनेको कक्षा कोठामा मात्रै दिइने कुरा होइन, मानिसलाई सधैँ आवश्यक पर्ने सिकाउनु नै शिक्षा हो भन्ने उहाँको मान्यता रहेको छ ।

अब यहाँ कसैले पनि एकाबिहानै उठेर पानीका लागि कुवा धाउनु पर्दैन । यहाँका प्रत्येक घरका धाराबाट गाग्रीमा झरेको पानीमा खुशी नै खुशी छचल्किए जस्तो लाग्छ तारालाई । खानेपानीको दुःख हुँदाका दिन सम्झँदा आफूलाई अहिले पनि कहाली लाग्ने गरेको उहाँ बताउनु हुन्छ । "त्यतिखेर हाम्रो सारा समय र उर्जा पानी भर्नमै जान्थ्यो, अरु केही काम गर्ने फुर्सद हुँदैनथ्यो, तर अहिले त्यो समय र उर्जालाई उत्पादनमूलक काममा लगाउन पाइएको छ" आयोजनाबाट प्राप्त सकारात्मक पक्षको चर्चा गर्दै उहाँले भन्नुभयो । आफ्नै गाउँको विगत र वर्तमानलाई हेर्दा गाउँघरको विकासका लागि खानेपानी सुविधा अत्यन्त महत्वपूर्ण रहेको उहाँको ठम्याई छ ।

*गंगा कुमारी कोइराला*

## दुःखका गीत गाउनु पर्ने छैन अब बाहुनडाँडाका बासिन्दाले

*"पैंतीस घरले पानी खाने गाउँको एउटै धारो,*
*फागुनदेखि असारसम्म साह्रै पर्छ गाह्रो"*



भगवती सापकोटा

*पानी भर्न जाँदै सोमती थिङ लामा*

दुःख पाएको कुरालाई पनि गीतकै भाकामा व्यक्त गर्नुहुन्छ सिन्धुली जिल्लाको हरि हरपुरगढी गाउँपालिका वडा न. ८ बाहुनडाँडाँकी बासिन्दा ४३ वर्षीया सोमती थिङ लामा । सर्लाही जिल्लाको हरिवनदेखि १५ किलोमिटर उत्तरतर्फ भित्री मधेशमा पर्ने यो गाउँ भौगोलिक हिसाबले हेर्दा विकट नभए पनि यहाँका बासिन्दाले खानेपानीको चर्को समस्या झेलिरहेका छन् ।

"एक दिनमा एक घरलाई १५ देखि २० गाग्री पानी चाहिन्छ, त्यसैले हाम्रो धेरै जति समय पानी बोक्नमै बित्छ" सोमतीले भन्नुभयो । यहाँका कतिपय बालबालिका पानी ओसार्नमै व्यस्त रहने भएकाले समयमा विद्यालय गई पठन पाठन पनि गर्न पाउँदैनन् ।

यस गाउँका ३५ घरको बीचमा भएको एउटा हातेकल (इनार) नै यहाँको खानेपानीको एउटै मात्र स्रोत हो । नेपाल रेडक्रस सोसाइटीको सहयोगमा दश वर्ष अघि त्यो कलमा पानी भने एक सय मिटर परको खोल्साबाट ल्याइएको हो । तर त्यही कलमा पनि फागुनदेखि पानी सुक्न थाल्छ र असार सम्मको पाँच महिना यो ठाउँ काकाकुलको बस्तीमा परिणत हुने बताउनु हुन्छ स्थानीय बासिन्दा लसाङ थिङ लामा । "फागुनदेखि त हाम्रो समय यो खोल्सा र ऊ खोल्सामा दगुर्दै बित्छ ।" यस समुदायमा घर घरमा चर्पी भए पनि सरसफाइको अवस्था पनि कमजोर छ । सरसफाइको विषयमा कुरा गर्दा लामा उल्टै प्रश्न गर्नुहुन्छ "तिर्खा मेटिइन्जेल पानी खान नपाउने ठाउँमा उचित सरसफाइ कसरी गर्ने ?"




*गाउँभरिको एउटै मात्र हातेकलमा पानी भर्नेहरू पालो पर्खिंदै*

बाहुनडाँडाको यो दुरावस्थाको अन्त्यका लागि नेवा, प्रदेश कार्यालय सिन्धुली र हरिहरपुरगढी गाउँपालिकाको साझेदारीमा हाल यहाँ खानेपानी तथा सरसफाइ कार्यक्रम संचालन भइरहेको छ । समुदाय वरपर र समुदाय माथि पानीको स्रोत नभएकाले गर्दा गाउँभन्दा करिब डेढ किलोमिटर टाढाबाट पानी लिफट गरेर गाउँसम्म ल्याउनका लागि संरचनाहरूको निर्माण पनि भइसकेको छ । पानी लिफट गर्नका लागि चाहिने बिजुलीको थ्री फेज लाइन जोड्ने काम सकिने बित्तिकै गाउँका सबै घर घरमा खानेपानीको उपलब्धता हुनेछ । यसरी अब यहाँका बासिन्दाले दुःख र विरहको गीत गाउनु पर्ने अवस्थाको अन्त्य हुनै लागेको छ ।

*भगवती सापकोटा*

# तिर्खाएको कालीगण्डकी सुरक्षित पानीको पर्खाइमा

"उमेर र व्यवहार दुवैले बूढो भइयो, तर पानी बोक्ने कामले कहिल्यै छाडेन मलाई" काँधमा पानी भरिएको गाग्री बोकेका ८३ वर्षीय खिमानन्द न्यौपाने भन्नुहुन्छ । हिन्दु परम्परा अनुसार चौरासी पूजा गरेर व्यवहारबाट मुक्ति लिने र शरीरले आराम खोज्ने बेलामा पनि खिमानन्द दिनको चारदेखि पाँच पटकसम्म पँधेराबाट पानी ओसार्न बाध्य हुनुहुन्छ । खानेपानीको अभावले बालबालिकाको पढाई, वृद्धवृद्धाको आराम, तन्नेरीहरूको उत्पादनमूलक काम सबै ओझेलमा पारिदिएको झलक नेपालका धेरै समुदायमा देखिन्छ । खिमानन्द यसको एक प्रतिनिधि पात्र मात्र हुनुहुन्छ ।

यो साझा समस्या हो गुल्मी जिल्लाको पूर्वी भेगमा पर्ने कालीगण्डकी गाउँपालिका -२, मुखेडाँडा टोलको । यहाँका मुखेडाँडा लगायत अर्वेनी, पिपलमुनि बेलबोट र सानाचौर गाउँका घर घरमा पानीका पाइप त छन्, तर त्यहाँ नियमित र सुरक्षित पानीको उपलब्धता छैन । अस्थायी रूपमा व्यवस्था गरिएको पानीको पाइपलाइन र संरचना अहिले जीर्ण अवस्थामा छ । गाउँ नजिकै पानीका थुप्रै मुहानहरू छन्, तर ती सुरक्षित भने छैनन् । खेतबारीको नजिक रहेका स-साना पँधेरा र मूलहरू पनि प्रशस्तै छन्, तर यहाँका बासिन्दाले खेतबारीमा रासायनिक मल प्रयोग गर्ने भएकोले ती स्रोतको पानी पिउन योग्य भने देखिँदैन, तर पनि बाध्यता छ त्यही पानी पिउनु पर्ने । गाउँपालिकाको नाम प्रसिद्ध कालीगण्डकी नदीबाट रहन गएको छ, तर विडम्वना, त्यही गाउँपालिकाका बासिन्दाहरू अझसम्म पनि सुरक्षित खानेपानीको सुविधाबाट वञ्चित नै छन् ।

कालीगण्डकी कोरिडोरले छोएको साविकको अर्वेनी गा.वि.स शिक्षित मध्यम वर्गीय मानिसहरूको बसोवास रहेको ठाउँ हो । यहाँ सडक, विद्यालय, सिचाइँ सुविधा र सञ्चारको राम्रो सुविधा छ । तर विडम्वना, यति धेरै सेवा सुविधा भएको बस्तीमा सुरक्षित खानेपानीको भने व्यवस्था भएको छैन । गाउँ बस्तीमा भएका स-साना मुलहरू खडेरी



*मर्मत सम्भार र अपनत्वको अभावमा भग्नावशेष बनेको धारा*



*पँधेराबाट पानी ओसार्दै ८३ वर्षीय खिमानन्द नेउपाने*

परेर सुक्न थालेपछि सिचाई कुलोको पानीले खानेपानीको मूल रसाउने गरेको बताउनुहन्छ बलामीखोला खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष जीवनारायण न्यौपाने । आर्थिक वर्ष २०७७/०७८ मा वडा नं. ७, ८ र ९ का लागि केन्द्रबाट खानेपानीका लागि २ करोड ६३ लाख रूपैयाँ विनियोजन भएपनि विवादको कारण काम गर्न नसकिएकोमा अहिले पछुतो लागेको उहाँले बताउनु भयो ।

कालीगण्डकी गाउँपालिकाभरि हाल एक घर एक धारा निर्माण गरी सुरक्षित खानेपानी वितरण गर्ने कार्य अघि बढिरहेको छ । यस पालिकाका विभिन्न वडाहरूमा नेपाल रेडक्रस सोसाइटी, ब्रिटिस गोर्खा वेलफेयर जस्ता संस्था, स्थानीय सरकार र प्रदेश सरकारले एक घर एक धारा निर्माण कार्यलाई निरन्तरता दिइरहेका छन् । हाल नेवाले स्थानीय सरकारसँग समन्वय गरी यस पालिकाको वडा नं.२, ३ र ५ मा आर्थिक वर्ष २०८२/०८३ मा खानेपानी तथा सरसफाइ आयोजना सञ्चालन गर्ने गरी विस्तृत सर्वेक्षण गरेको छ ।

"अरु वडाहरूमा एक घर एक धारा भइसके पनि हाम्रो वडामा काम हुन नसकेको अवस्था थियो, अब नेवाले यहाँ पनि खानेपानीका लागि विस्तृत सर्वेक्षण गरेकाले हामी ढुक्क भएर नेवाको नीति अनुसार काम गर्न तत्पर छौं" उहाँले भन्नुभयो ।

यसरी सबैको हातेमालोले निकट भविष्यमै खानेपानी सुविधा सर्वसुलभ भएर बालबालिकाको पढाईमा व्यवधान नहुने, युवाहरूको उत्पादनशीलता बढ्ने र वृद्धवृद्धाहरूले सुखको अनुभूति गर्ने समयको पखाईमा छ कालीगण्डकी गाउँपालिका ।

✍ *ज्ञान बहादुर राना*

# खानेपानी, सरसफाइ र स्वच्छता प्रवर्द्धनका लागि नेवाको पहल : एक झलक

नेवाले तीन दशकभन्दा लामो समयदेखि नेपालका ग्रामीण समुदायहरूमा खानेपानी, सरसफाइ र स्वच्छता प्रवर्द्धनका लागि कार्य गर्दै आएको छ। विभिन्न दातृ निकाय, स्थानीय सरकार र उपभोक्ताहरूसँगको सहकार्यमा निर्माण गरिएका यी संरचनाहरूलाई दिगो, सुचारु र स्तरीय बनाउन नेवाले विभिन्न संयन्त्रको विकास गर्नुका साथै सोही अनुरूपका गतिविधि र संरचनाहरूको निर्माणलाई महत्व दिने गरेको छ। नेवाले समुदायमा सञ्चालन गर्ने गरेका केही मुख्य क्रियाकलापहरू र निर्माण गर्ने गरेका संरचनाहरूको एक झलक यहाँ प्रस्तुत गरिएको छ।


सामुदायिक बैठक


गैर स्थानीय सामग्री ढुवानी


खानेपानी मुहान संरक्षण


पाइप लाइन निर्माणमा जनसहभागिता


मर्मत सम्भार कार्यकर्ता तालिम


राफिङ फिल्टर


स्लो स्याण्ड फिल्टर


पानी जम्मा गर्ने ट्याङ्की (RVT)


धारा


खानेपानी गुणस्तर परीक्षण


साबुन सहितको हात धुने ठाउँ


उपभोक्ताहरूको सन्तुष्टि

# विश्व पानी दिवस : लोकगीत र वक्तृत्वकला प्रतियोगितामा प्रतिविम्बित

"शान्तिका लागि पानी" भन्ने मूल नाराका साथ विश्वभर मनाइएको बत्तीसौं विश्व पानी दिवस नेवा र विभिन्न पालिकाहरूको सहकार्यमा सञ्चालित खानेपानी तथा सरसफाइ आयोजनाहरूमा विभिन्न कार्यक्रमको आयोजना गरी मनाइएको छ । यसै क्रममा नेवा, प्रदेश कार्यालय बागलुङ र म्याग्दी जिल्लाको मालिका गाँउपालिकाको साझेदारीमा सञ्चालित कलात भनारी र ठूलोरुम खानेपानी तथा सरसफाइ आयोजना क्षेत्रमा यो दिवस लोकदोहोरी तथा लोकगीत प्रतियोगिताका साथै विभिन्न कार्यक्रमको आयोजना गरी मनाइयो ।

मालिका गाउँपालिका वडा नं. २ का वडाध्यक्ष उदय कुमार बुढाथोकीको प्रमुख आतिथ्य र कलात भनारी खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष गेलन पुन मगरको अध्यक्षतामा सञ्चालित उक्त प्रतियोगितामा उल्लिखित दुवै आयोजनाका उपभोक्ता समितिका पदाधिकारी, सामुदायिक स्वास्थ्य तथा सरसफाइ स्वंयसेवक, आमा समूहहरूको बीचमा प्रतिस्पर्धा भएको थियो ।

सुरक्षित खानेपानी, स्वच्छता तथा सरसफाइ मूल विषयवस्तु रहेको उक्त लोकगीत तथा लोकदोहोरी प्रतियोगितामा दश वटा समूहले भाग लिएका थिए । अत्यन्त रोचक रहेको उक्त प्रतिस्पर्धामा दुर्गा रसाईलीको समूह प्रथम, इन्द्र कुमारी घर्तीको समूह द्वितीय, गीता पुनको समूह तृतीय, कल्पना पुन र मञ्जु वि.क. को समूहले सान्त्वना पुरस्कार प्राप्त गरेका थिए ।

कार्यक्रमको शुरुमा नेवाका स्वच्छता तथा सरसफाइ सहजकर्ता हेमराज महराले विश्व पानी दिवसको औचित्य र महत्वका बारेमा प्रकाश पार्दै पानीको मुहान संरक्षणको आवश्यकता र महत्व, दूषित पानीका कारण लाग्ने विभिन्न सरुवा रोग र त्यसबाट बच्न सकिने रोकथाम लगायतका विषयमा प्रष्ट पार्नु भएको थियो ।

यसैगरी नेवा प्रदेश कार्यालय, सिन्धुली अन्तर्गत सिन्धुली जिल्लाका हरिहरपुरगढी, दुधौली, मरिण, कमलामाई, गोलन्जोर, फिक्कल, तीनपाटन, सुनकोशी एवं काभ्रे जिल्लाका खानीखोला र रोशी गाउँपालिकाका विभिन्न वडाहरूमा संचालित ३३ वटा खानेपानी तथा सरसफाइ आयोजनामा कार्यरत कर्मचारी, स्थानीय तहका कर्मचारी, खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका पदाधिकारीहरू लगायत अन्य सरोकारवालाहरूको सहभागितामा वृहत छलफल, गोष्ठी, खानेपानीको मुहान सरसफाइ तथा वृक्षरोपण गरेर विश्व पानी दिवस मनाइयो । सोही अवसरमा यी आयोजना अन्तर्गत पर्ने विभिन्न विद्यालयका छात्रछात्राहरूको वतृत्वकला प्रतियोगिता आयोजना गर्नुका साथै सुरक्षित खानेपानीको महत्व झल्काउने सचेतनामूलक र्‍यालीको आयोजना गरियो । यस क्रममा सिन्धुली र काभ्रेपलाञ्चोक जिल्लाका विभिन्न स्थानीय तहका विभिन्न खानेपानी तथा सरसफाइ आयोजना र विद्यालयका कुल एक हजार २४ को सहभागिता रहेको थियो, जसमध्ये महिलाहरूको संख्या ५ सय ४८ थियो ।


हेमराज महरा

लोकदोहोरीका विजेता पुरस्कार ग्रहण गर्दै

यस कार्यक्रममा सुरक्षित पानी भनेको के हो ? पानीलाई कसरी सुरक्षित बनाई राख्ने, स्रोतको संरक्षण कसरी गर्ने, पानीको बढ्दो संकट के कस्ता कुराहरूमा ध्यान दिनु पर्छ, पानी शुद्धिकरणका विधिहरू के के हुन्, फोहोर पानीजन्य रोगहरूबाट कसरी बच्ने भन्ने उपायका बारेमा नेवाका कर्मचारी तथा सहजकर्ताहरूले वृहत रूपमा छलफल गर्नुभएको थियो ।

यस कार्यक्रमका सहभागीहरूले खानेपानी आयोजनालाई दिगो बनाउन स्रोतको संरक्षण गर्नुपर्ने, खानेपानी सुरक्षा योजना लागू गर्नु पर्ने, मर्मत सम्भार कोषको वृद्धि गर्नु पर्ने, खानेपानी प्रणलीको नियमित मर्मत सम्भार गर्नु पर्ने, खानेपानी र सरसफाइ सम्बन्धी निति नियमहरूलाई प्रभावकारिताका साथ कार्यान्वयन गर्नुपर्ने लगायतका धारणा व्यक्त गर्नुभएको थियो ।

*हेमराज महरा/नवीन घिमिरे/लक्ष्मण मोची*






*विश्व पानी दिवसका अवसरमा आयोजित सचेतनामूलक र्‍यालीका सहभागीहरू*

# विभिन्न कार्यक्रममा नेवा कर्मचारीहरूको सहभागिता

| कार्यक्रमको नाम | कार्यक्रमको मुख्य विषयवस्तु | आयोजक | नेवाबाट सहभागिता | सम्पन्न मिति | कार्यक्रमको सारसंक्षेप तथा सिकाईहरू |
|---|---|---|---|---|---|
| परिवर्तित सन्दर्भमा एप्लाइड साइन्स र इञ्जिनियरिङ सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन | खासस्व प्रणालीमा समावेशी जलवायु उत्थानशीलता संबोधन : नेपालका ग्रामीण क्षेत्रका सिकाईहरू | पोखरा विश्व विद्यालय, एसएनभि, आइ. डब्ल्यु. एम. आइ. | ई. रेशम जंग सिंह | २०८१ जेठ ३० | निर्देशक सिंहले यस कार्यक्रममा नेवाले खासस्व क्षेत्रमा हासिल गरेका उत्तम अभ्यासहरू, खासस्व सेवामा जलवायु उत्थानशील पद्धति अवलम्बनबाट प्राप्त सिकाईहरू तथा नवीन अनुगमन संयन्त्रका बारेमा नेवाले हासिल गरेका अनुभव तथा सिकाइहरूबारे जानकारी गराउनु भएको थियो । |
| समुदायको अगुवाईमा सञ्चालित दिगो विकास सम्बन्धी अन्तर्राष्ट्रिय तालिम | सम्पत्तिमा आधारित सामुदायिक विकास दृष्टिकोण, आयोजनाको लजिकल फ्रेमवर्क तयारी | बाल विकास, इण्डिया | रमेश दाहाल, निरज गुरुङ | २०८१ जेठ १४-१७ | ABCD रणनैतिक पद्धतिहरूका बारेमा जानकारी हासिल । सामुदायिक सम्पत्तिहरूको नक्साङ्कन र विद्यमान संघ, समूह र समुदायका संस्थाहरूको विश्लेषण, आयोजनाको तार्किक ढाँचा तयारी, प्रस्ताव लेखन र कार्यसम्पादन मापन फ्रेमवर्क (PMF) सम्बन्धी ज्ञान अभिवृद्धि |
| आकाशे पानी संकलन सम्बन्धी क्षेत्रीय सम्मेलन | आकाशे पानी संकलन | स्मार्ट वास सलुसन, नेवा, एसएनभि | ई. रेशम जंग सिंह, अरुण कुमार श्रेष्ठ, उमेश बस्नेत | | नेवाले अपनाएको नवीन अनुगमन पद्धति, आकासे पानी संकलन, अनुसन्धान र विकासका अन्य गतिविधिहरूको प्रस्तुतीकरण |
| नेपाल-यूके वाटर वर्कसप | नेपालमा पानी व्यवस्थापन, चुनौती र अवसरहरूबारे सिकाई र अनुभव आदानप्रदान | CARDIFF University UK | ई. रेशम जंग सिंह, उमेश बस्नेत | २०८० फागुन १८ | खासस्व सम्बन्धी नेवाको पहल (चुनौती, सिकाई र अबको बाटो) को प्रस्तुती |
| JICA को आर्थिक सहयोगमा सञ्चालित IHBSH आयोजनाका सिकाईहरूसार्वजनिक | | वाटरएड नेपाल | ई. रेशम जंग सिंह | २०८१ असार १४ | 'वाटरएड नेपालद्वारा तराइमा सञ्चालित " विद्यालयमा स्वच्छता सम्बन्धी आनीबानी र स्वास्थ्य सेवा सुविधाहरूमा सुधार' आयोजना कार्यान्वयनको निष्कर्षको प्रस्तुती |
| विश्व वातावरण दिवसको अवसरमा हेटौंडा र जनकपुरधाममा आयोजित 'आकासे पानी संकलन र व्यवस्थापन नीति संवाद' विषयक कार्यशाला | भूमिगत पानीमा आएको ह्रासलाई रोक्न आकासे पानी संकलन र कृत्रिम भूमिगत पानी पुनर्भरणको कृत्रिम तरिकासम्बन्धी चेतना र पैरवी वृद्धि | नेपाल रेनवाटर हार्भेस्टिङ एलाइन्स | कुमार सिलवाल | २०८१ जेठ २४ मा हेटौडा, जेठ २८ मा जनकपुर | नेपाल रेन वाटर हार्भेष्टिङ एलायन्स (NRWHA), स्मार्ट वास सोलुसन्स, नेवा, बेस्ट वाटर र दियालो टेक्नोलोजीको संयुक्त आयोजनामा सम्पन्न यस कार्यक्रमको उद्देश्य नीतिगत संवादलाई सहज बनाउने र काठमाडौं घोषणापत्र २०२४ साझा गर्ने, विद्यमान नीतिहरूबारे छलफल गर्ने र आगामी बजेट र नीतिगत विचारहरूमा आकासे पानी संकलनका पहलहरू समावेश गर्न अनुरोध गरिएको |

| कार्यक्रमको नाम | कार्यक्रमको मुख्य विषयवस्तु | आयोजक | नेवाबाट सहभागिता | सम्पन्न मिति | कार्यक्रमको सारसंक्षेप तथा सिकाईहरू |
|---|---|---|---|---|---|
| फोहोर व्यवस्थापन र जलवायु सम्मेलन (WMCC) २०२४ | नेपालको फोहोर व्यवस्थापन र जलवायु चुनौतीहरूको दिगो समाधानका लागि सरोकारवालाहरूलाई एकजुट गर्ने उद्देश्यले आयोजित | नेपाल उद्योग महासंघ, खाली शीशी, कोकाकोला फाउन्डेसन, राष्ट्रिय मानव अधिकार आयोग सहायोजकहरू: CNIYEF र मानव अधिकारका लागि महिला (WHR) | अरुण कुमार श्रेष्ठ, निरज गुरुङ | २०८१ जेठ २३ | WMCC २०२४ सम्मेलनले सात सय भन्दा बढी संस्थाका सरोकारवालाहरूलाई नेपालको फोहोर व्यवस्थापन र जलवायु चुनौतीहरूको दिगो समाधानहरूबारे छलफल गर्न एकजुट गरेको थियो। सहभागीहरूमा मन्त्री, सांसद, सरकारका सचिवहरू, प्राज्ञ तथा वातावरणविद्हरू समेतको सहभागिता रहेको थियो। यस सम्मेलनले फोहोर व्यवस्थापन, जलवायु स्टार्टअप र लगानी, कार्बन र प्लास्टिक क्रेडिट, नेपालको वायु प्रदूषणको सामना, र सगरमाथा क्षेत्रमा भइरहेको जलवायु परिवर्तनका असरहरू जस्ता पाँच प्रमुख स्तम्भहरूमा आफ्नो ध्यान केन्द्रित गरेको थियो। सम्मेलनको उद्देश्य विज्ञहरू र स्थानीय सरकारहरूलाई फोहोर व्यवस्थापन र जलवायु परिवर्तनका बारेमा जानकारी गराउने थियो। |
| खानेपानी सुरक्षा सम्बन्धी कार्यशाला, बर्दिवास महोत्तरी | मधेश प्रदेशमा भूमिगत पानीको समस्या आत्मसात गरी त्यसको न्यूनीकरण योजना तर्जुमा | वाटरएड नेपाल/ बेकान प्रोजेक्ट | ई. रेश जंग सिंह, अरुण कुमार श्रेष्ठ | २०८१ वैशाख २३ देखि २५ | नेपाल र बेलायतस्थित बेकन संस्थाका विज्ञहरूको प्रस्तुतीकरण मार्फत दिनानुदिन बढ्दै गइरहेको भूमिगत पानी अभावको कारण, यसबाट निम्तिएका समस्या, चुनौती र न्यूनीकरण पद्धतिबारे जानकारी हासिल गरेको। समूहमा वृहत छलफल गरी मधेश प्रदेशको खानेपानी सुरक्षालाई सम्बोधन गर्न विभिन्न सिफारिसहरू गरिएको। यस क्रममा खासगरी चुरे क्षेत्रमा भूमिगत पानी पुनर्भरणका लागि विभिन्न संस्थाहरूद्वारा सञ्चालित गतिविधिहरूबारे जानकारी पाएको। |
| सुरक्षित रूपमा व्यवस्थित सरसफाइमा विश्वव्यापी पहुँचको दिशामा प्रगतिलाई गति दिन विश्वव्यापी शिखर सम्मेलन | सुरक्षित सरसफाइका क्रियाकलापहरूलाई समन्वयात्मक रूपमा अघि बढाउन दृष्टिकोण, अनुभव, प्राविधिक ज्ञान र विधिहरूको आदानप्रदानमा सहजता ल्याउने उद्देश्यले सञ्चालित विश्वव्यापी शिखर सम्मेलन | युनिसेफ/विश्व स्वास्थ्य संगठन/वाटरएड | इं. रेशम जंग सिंह, अरुण कुमार श्रेष्ठ, रोजिना मानन्धर | २०८१ असार ११ देखि १३ | सरसफाइसँग सम्बन्धित नीति, नियम, स्रोत र सुरक्षित रूपमा व्यवस्थित सरसफाइका विधि तथा सरसफाइलाई अघि बढाउने उत्तम अभ्यासहरूबारे जानकारी हासिल। जलवायु उत्थानशील सरसफाइको बारेमा क्रस-कटिङ मुद्दाहरूको रूपमा पनि जानकारी हासिल गरेको |

# उपभोक्ता समितिको विवेकपूर्ण निर्णयले प्रसन्न शिवबहादुर

काम गर्ने जोश र जाँगर भएपछि केही कुराले छेक्न नसक्ने उदाहरण हुनुहुन्छ, सिन्धुली जिल्लाको तीनपाटन गाउँपालिका वडा नं. ३ जिर्घा निवासी शिव बहादुर बरुवाल । तेह्र वर्षकै हुँदा बस दुर्घटनामा परी देब्रे खुट्टाको घुडाँदेखि मुनि काटेर फाल्नु परेपछि उहाँ धेरै समस्यामा पर्नुभयो । कमजोर आर्थिक अवस्था र शारीरिक अशक्तताका बीच घर खर्च चलाउन र छोरीको पढाई खर्च जुटाउन केही न केही त गर्नै पर्‍यो । "शारीरिक अवस्थाले गर्दा विदेश जान सकिएन, खेतीपाती गर्न असजिलो छ" उहाँ भन्नुहुन्छ । अहिले गाउँपालिकाको सहयोगमा कृत्रिम खुट्टाको प्रयोग गर्न थालेदेखि जीवन अलि सहज भएको उहाँ बताउनु हुन्छ ।

### जीवनमा आशाको सञ्चार

बरुवाल बसोबास गर्ने जिर्घा पाटनदेवीगाउँमा करिब एक सय घरधुरीको बसोबास छ । सदैव खानेपानीको समस्या भेल्दै आएका यहाँका बासिन्दाहरूमध्ये कसैले कुवाको पानी बोकेर खाने गर्थे भने कतिपय अस्थायी पाइपबाट ल्याएको पानीबाट गुजारा गर्ने गर्थे । दुवै पानीका स्रोत सुरक्षित थिएनन् । यो समस्याको स्थायी समाधानका लागि नेवा प्रदेश कार्यालय सिन्धुलीको आर्थिक तथा प्राविधिक सहयोगमा सुरु भएको जिर्घा पाटनदेवी खानेपानी तथा सरसफाइ आयोजनाले यहाँका बासिन्दामा आशाको सञ्चार गरायो । समुदायमा खानेपानी तथा सरसफाइका कामहरू सञ्चालन गर्ने क्रममा विभिन्न संरचनाहरूका लागि आवश्यक पर्ने जि.आइ पाइपमा चुरी काट्ने र पाइप जडान गर्ने लगायतका कामका लागि मर्मत कार्यकर्ता छनोट गर्ने क्रममा खानेपानी उपभोक्ता समितिले शिव बहादुरलाई पनि छनोट गर्‍यो ।



विवेक प्रसाद दाहाल

*शिवबहादुर बरुवाल*

अपाङ्गता भएको व्यक्तिले टाढा गएर काम गर्न नसक्ने भए तापनि कमजोर आर्थिक अवस्था र मेहेनती स्वभाव देखेर समितिले गरेको यो विवेकपूर्ण निर्णयले नेवाको प्रत्येक काममा समावेशिताको व्यावहारिक अभ्यास हुने गर्दछ भन्ने पुष्टि गरेको छ ।

नेवाका प्राविधिकहरूले आफूलाई सम्बन्धित कामको तालिम र हौसला दिएकाले काम गर्ने हिम्मत बढेको शिवबहादुर बताउनु हुन्छ । उहाँलाई उहाँको शारीरिक सामर्थ्यभन्दा बाहिरको काममा उपभोक्ता समितिका सदस्य र उपभोक्ताहरूले सघाउने गर्नु भएको छ ।

प्रयोग गरिरहेको कृत्रिम खुट्टा धेरै पुरानो र जीर्ण भइसकेकाले असजिलो ठाउँमा मर्मत सम्भार गर्नुपर्दा आफूलाई आवतजावतको समस्या हुने गरेको शिबबहादुर बताउनु हुन्छ । "समितिले दिने गरेको मासिक चार हजार पाँच सय तलब कामको तुलनामा राम्रो हो, तर यसले त छोरीको पढाई र घर खर्च चलाउनै मुस्किल हुन्छ, नयाँ खुट्टा किन्ने उपाय भएन" उहाँ भन्नुहुन्छ । आफूलाई कुनै दाताले कृत्रिम खुट्टा किन्न सहयोग गरिदिए अझ प्रभावकारिताका साथ काम गर्ने उहाँ बताउनु हुन्छ ।

*विवेक प्रसाद दाहाल*




*नेवा क्यालेण्डर, २०६७ बाट उद्धृत*